ज मिति २०८०/११/२४ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री माधव प्रसाद शर्माको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन मेतिको बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्वी भाग)

उपस्थितिः

| दस्तखत | नामथर | पद/दर्जा | कार्यालयको नाम |
|---|---|---|---|
| | श्री माधव प्रसाद शर्मा | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्वी भाग) |
| | श्री होम प्रकाश श्रेष्ठ | अध्यक्ष | भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) |
| | श्री मोहन बहादुर के सी | उपप्रमुख | जिल्ला समन्वय समिति, रुकुम (पूर्वी भाग) |
| | श्री कृष्ण रेग्मी | अध्यक्ष | सिस्ने गाउँपालिका, रुकुम (पूर्वी भाग) |
| | श्री भुपेन्द्रा बुढा | उपाध्यक्ष | पुथाउत्तरगंगा गाउँपालिका, रुकुम (पूर्वी भाग) |
| | श्री प्रकाश कुमार कार्की | सेनानी | चण्डी दलगण, सुरक्षा गुल्म, रुकुम (पूर्वी भाग) |
| | श्री अन्जना श्रेष्ठ | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्वी भाग) |
| | श्री होमराज न्यौपाने | स.प्र.ना.उ. | स.प्र.वल नेपाल आश्रित गुल्म, रुकुम (पूर्वी भाग) |
| | श्री लक्ष्मण चौधरी | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम (पूर्वी भाग) |
| | श्री राम ईश्वर यादव | सब इञ्जिनियर | सडक पूर्वाधार विकास कार्यालय, रुकुम (पूर्वी भाग |
| | श्री प्रकाश न्यौपाने | का.प्रमुख | खानेपानी तथा सरसफाइ डिभिजन कार्यलय रुकुम पूर्व |
| | श्री जितेन्द्र राज कोइराला | नि.मे.सु. | रुकुम पूर्व अस्पताल, रुकुम (पूर्वी भाग |
| | श्री खिम बहादुर रोकाया | नि.का.प्रमुख | कृषि तथा पशुपन्छि विकास कार्यालय,रुकुम (पूर्वी भाग) |
| | श्री मोहनलाल के.सी | का.प्र. | मालपोत कार्यालय रुकुम (पूर्वी भाग) |
| | श्री भुवन सिंह सेजुवाल | जि.का.संयोजक | यु.एन.एफ.पि.ए. रुकुम(पूर्वी भाग) |
| | श्री पुस्कल श्रेष्ठ | का.प्र. | स्वास्थ्य कार्यालय, रुकुम (पूर्वी भाग) |
| | श्री रेवत बहादुर बुढाथोकी | प्र.प्र.अ. | सिस्ने गाउँपालिका, रुकुम (पूर्वी भाग) |
| | श्री श्री गणेश पाण्डे | प्र.नि. | जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्वी भाग) |
| | श्री प्रमोद खनाल | का.प्र. | नेपाल विद्युत प्राधिकरण, रुकुम (पूर्वी भाग |
| | श्री घनश्याम के.सी. | नि.का.प्र. | जलस्रोत तथा सिँचाई डिभिजन, रुकुम (पूर्वी भाग) |
| | श्री रत्नलाल शर्मा | नि.का.प्र | स्वास्थ्य कार्यालय, रुकुम (पूर्वी भाग) |
| | श्री सन्दिप वि.क. | का.प्र. | जिल्ला ट्राफिक प्रहरी कार्यालय, रुकुम (पूर्वी भाग) |
| | श्री विश्व के.सी | नि.का.प्र | डिभिजन वन कार्यालय , रुकुम (पूर्वी भाग) |
| | श्री [illegible] ओली | टेक्निसियन | नेपाल टेलिकम, रुकुम (पूर्वी भाग) |
| | श्री निर्मला बुढाथोकी | सदस्य | नेपाली काँग्रेस, प्रदेश महासमिति |
| | जीवन के.सी. | सदस्य | नेकपा माओवादी केन्द्र, जिल्ला समन्वय समिति |
| | श्री भुवनेश्वर उपाध्याय | सचिव | एकिकृत समाजवादी, रुकुम (पूर्वी भाग |

निर्णय नं. १

यस अघि जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं. २

जिल्ला प्रहरी कार्यालय, रुकुम (पूर्वी भाग) को च.नं. ९८७ र मिति २०८०।११।०२ को **जग्गा प्राप्ति सिफारिस विषयक पत्र** प्राप्त भई पढी वाची गरियो । सोही पत्रबाट माग भए अनुसार रुकुम (पूर्वी भाग) जिल्ला, सिस्ने गाउँपालिका वडा नं. ५ (साविक रुकुम जिल्ला, शोभा गा वि स, वडा नं. ७) को कित्ता नं. ६ को २,४७,६८२ वर्गमिटरको क्षेत्रफल भएको जग्गामध्ये पूर्वमा कित्ता नं. ६ को क्षेत्रफल ४२७५ वर्गमिटर बाहेकको जग्गा, पश्चिममा कित्ता नं. ३७२ को जग्गा, उत्तरमा कित्ता नं. ११७४ को जग्गा र दक्षिणमा नेपाल प्रहरीको नाममा दर्ता कायम रहेको कित्ता नं. ३७४ को जग्गा यति चारकिल्ला भित्रको कित्ता नं. ६ को पश्चिमतर्फको ४२७५ वर्गमिटर क्षेत्रफलको सार्वजनिक जग्गा अन्यत्र पर्याप्त खुल्ला क्षेत्र भएको कारण विपद् व्यवस्थापनका लागि आवश्यक नभएको र जिल्ला सुरक्षा समितिबाट मिति २०८०।११।०४ मा जिल्ला प्रहरी कार्यालयसँग सीमा जोडिएको सार्वजनिक जग्गा प्राप्तिका लागि प्रकृया अगाडी बढाउन जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने भनी निर्णय समेत भएको हुँदा उक्त सार्वजनिक जग्गा नेपाल प्रहरीलाई प्रयोग गर्न उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

निर्णय नं. ३

देहायका स्थानहरुमा नेपाल टेलिकमको टावरहरु गुणस्तरीय नहुँदा सञ्चार सम्पर्कमा कठिनाइ भएकोले भरपर्दो सञ्चार सम्पर्कको लागि देहाय नेपाल टेलिकमलाई टावर जडान गरिदिन अनुरोध गर्ने ।

क. सिस्ने गाउँपालिका वडा नं. ६, छिप्रिदह,

ख. सिस्ने गाउँपालिका वडा नं. १ को ओखेना

ग. भूमे गाउँपालिका वडा नं. २ को राम्ली

घ. भूमे गाउँपालिका वडा नं. ७ को हुलबाङ

निर्णय नं. ४

यस जिल्लामा विद्युत आप्रवाह भरपर्दो बनाउन बाग्लुङ जिल्लाको बुर्तिबाङमा निर्मित १३२ के भि बाट ३३ के भि लाइन यस जिल्लाको भूमे-२, काँक्री स्थित सब-स्टेशनसम्म उच्च प्राथमिकताका साथ विस्तार गरिदिनु नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयमा अनुरोध गर्ने र

निर्णय नं. ५

हिमपात तथा जाडोको समयमा रुकुम (पूर्वी भाग) जिल्लाको मुख्य बजार क्षेत्रहरुमा रु ९६,०००।– (छ्यानव्वे हजार रुपैया) को दाउरा खरिद गरी वितरण गरिएकोले सो खर्च अनुमोदन गर्ने।

प्रमुख जिल्ला अधिकारी

निर्णय नं. ६

जलश्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालय, रुकुम (पूर्वी भाग) बर्षातको समयमा गएको पहिरो तथा भू-क्षय रोक्न वितरण गरिएको तारजाली थान-५८ (अन्ठाउन्न) को खर्च अनुमोदन गर्ने।

निर्णय नं. ७

हालैका दिनहरुमा सडक दुर्घटनावाट जनधनको ठूलो क्षती भईरहेको संवेदनशील अवस्थालाई समेत दृष्टिगत गरी जिल्लामा निर्माणाधीन मध्यपहाडी लोकमार्ग, सहिद मार्ग एवम् अन्य स्थानीय तथा भित्री सडकहरु शीघ्र निर्माण, मर्मत सुधार लगायतका कार्यहरु शीघ्र सम्पन्न गर्न सम्वन्धित आयोजना एवम् कार्यालयहरुहरुलाई अनुरोध गर्ने ।

निर्णय नं. ८

गर्मीको समयमा वन डढेलो र गाउँ बस्तीहरुमा आगजनीका घटना हुन नदिन सचेतनामूलक सामग्री प्रसारणका लागि स्थानीय तह एवम् स्थानीय सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने ।

निर्णय नं. ९

विपद् जोखिम न्यूनीकरण गर्न सूचना आदान-प्रदान गर्ने र विपद्को समयमा सरोकारवाला सबै आवश्यकतानुसार श्रोत साधन सहित परिचालित हुने ।

प्रमुख जिल्ला अधिकारी